का.जि.प्र.का.द.नं. १००/०५९/६०

२ असार २०८०,
शनिबार
17 June 2023,
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपपर हेर्न

वर्ष २१, अंक १४२ । पृष्ठ १०
Madhyanha
www.madhyanhadaily.com





**अदालतको आदेश**

## पूर्वउपप्रधानमन्त्री र पूर्वगृहमन्त्रीसहित

# १६ जना थुनामा

**नक्कली शरणार्थी प्रकरण**

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १ असार ।

नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाई अमेरिका पठाउने कार्यमा संलग्न रहेको आरोपका १६ अभियुक्त पुर्पक्षका लागि थुनामा गएका छन् । मुद्दाको किनारा नलागेसम्म उनीहरुलाइ पुर्पक्षका लागि कारागार पठाउन जिल्ला अदालतले आदेश दिएको हो ।

जिल्ला अदालतका न्यायाधीश प्रेमप्रसाद न्यौपानेको इजलासले शुक्रबार पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी र पूर्वगृहमन्त्री बालकृष्ण खाँण तथा बहालवाला सचिव निलम्बित सहित १६ अभियुक्तलाई कारागारमै राखेर मुद्दा किनारा लगाउनेगरी आदेश दिएको हो ।

अनुसन्धानका क्रममा पक्राउ परेका पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी, पूर्वगृहमन्त्री बालकृष्ण खाँण, सचिव टेकनारायण पाण्डे, तत्कालीन गृहमन्त्री रामबहादुर थापाका सुरक्षा सल्लाहकार इन्द्रजित राई, नेपाल हज पृष्ठ २ मा

**प्रकरण तालिका**

| १ असार २०८० | ८ जेठ २०८० | ४ जेठ २०८० | १ जेठ २०८० | ३१ वैशाख २०८० | ३१ वैशाख २०८० | २७ वैशाख २०८० | २७ वैशाख २०८० | २० वैशाख २०८० | २० वैशाख २०८० | २० वैशाख २०८० | १९ वैशाख २०८० | १२ वैशाख २०८० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १६ अभियुक्तलाई पुर्पक्षका लागि थुनामा पठाउन जिल्ला अदालत काठमाडौंको आदेश | जिल्ला प्रहरी परिसर काठमाडौंद्वारा अनुसन्धान प्रतिवेदन सरकारी वकिलको कार्यालयमा हस्तान्तरण । | शरणार्थी नेता टेकनाथ रिजाल र हज कमिटीका अध्यक्ष शमशेर मिया पक्राउ । | आफ्नो पनि नाम मुछिएको भन्दै पूर्वसांसद आङ्टावा शेर्पा प्रहरीसमक्ष आफैं उपस्थित । | सम्पर्कविहीन रहेका पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी पक्राउ । | पूर्वगृहमन्त्री बालकृष्ण खाँणसहित अन्यलाई अनुसन्धानका लागि चार दिन म्याद थप । | पूर्वगृहमन्त्री बालकृष्ण खाँण र उनका स्वकीय सचिव नरेन्द्र केसी पक्राउ । | पूर्वउपप्रधानमन्त्री रायमाझीको नाम जोडिएपछि एमालेद्वारा उनी सचिव पदबाट निलम्बित । | उपराष्ट्रपति कार्यालयका सचिव टेकनारायण पाण्डे पक्राउ । | टोप बहादुर रायमाझीका छोरा सन्दीप रायमाझी पक्राउ । | पूर्वगृहमन्त्री रामबहादुर थापाका छोरा प्रतीक थापाविरुद्ध पक्राउ पुर्जी जारी । | तात्कालीन उपप्रधान तथा गृहमन्त्री रामबहादुर थापाका सुरक्षा सल्लाहकार इन्द्रजित राई पक्राउ । | नक्कली शरणाथी प्रकरणलाई लिएर त्यसको गिरोहका सञ्चालकहरू केशव दुलाल, सानु भण्डारी र टंक गुरुङ पक्राउ । |

## दुई जनालाई धरौटीमा छाड्न आदेश

नक्कली भुटानी शरणार्थी प्रकरणमा जोडिएको भनिएका १८ अभियुक्तमध्ये लक्ष्मी महर्जन र टंक गुरुङलाई अदालतले धरौटीमा छाड्न आदेश दिएको छ । महर्जनलाई ५ लाख र गुरुङलाई १० लाख रुपैयाँ धरौटीमा रिहा गर्न न्यायाधीश प्रेमप्रसाद न्यौपानेले आदेश दिएका हुन् ।

पाँचथरका गुरुङलाई नक्कली शरणार्थी प्रकरणका नाइकेको सहयोगीको रुपमा सक्रिय रहेको अभियोग छ । त्यस्तै महर्जन नेपाल प्रहरी अस्पतालकी नर्स (नायब निरीक्षक) हुन् । उनी यही प्रकरणमा पुर्पक्षका लागि कारागारमा पठाउन आदेश भएका हरिभक्त पृष्ठ २ मा

## १२ जना अझै फरार

प्रहरीले नक्कली भुटानी शरणार्थी प्रकरणमा ३० जनालाई प्रतिवादी बनाएर मुद्दा प्रक्रिया अघि बढाएको थियो । तीमध्ये १२ जना अझै फरार छन् । पक्राउपूर्जी जारी भएका निरज राई र प्रतिक थापा छन् । थापा पूर्वगृहमन्त्री रामबहादुर थापा बादलका छोरा हुन भने राई पूर्वगृहमन्त्री बादलका सुरक्षा सल्लाहाकार इन्द्रजित राईका छोरा हुन् ।

## थुनामा बस्दा पढ्ने खाँणको चाहना

नक्कली भुटानी शरणार्थीमा संलग्न रहेको आरोपमा पूर्पक्षका लागि थुनामा पठाइएका पूर्वगृहमन्त्री बालकृष्ण खाँणले पढ्ने चाहना राखेका छन् ।

उनले अदालतबाट बाहिरिँदै गर्दा उनले यस्तो चाहना प्रकट गरेका हुन् । अब थुनामा रहँदा अध्ययन गरेर समय बिताउने उनले बताएका हुन् । खाँणले छन्, 'थुनामा रहँदा अध्ययन गर्छु, अब अदालतबाटै न्याय होला । सबै साथीहरूलाई धन्यवाद । म गएँ ।'

## टोपबहादुरको सांसद पद निलम्बन

नक्कली शरणार्थी प्रकरणमा जोडिएका एमाले नेता टोपबहादुर रायमाझीको सांसद पद निलम्बन भएको छ । काठमाडौं जिल्ला अदालतले शुक्रबार पुर्पक्षका लागि कारागार पठाउने आदेश जारी गरेसँगै रामयमाझी सांसदबाट निलम्बित भएका हुन् । प्रतिनिधिसभा नियमावलीमा कुनै पनि सांसद फौजदारी अभियोगमा पुर्पक्षका लागि कारागार चलान भएको अवस्थामा सांसद निलम्बनमा पर्ने प्रावधान छ । पृष्ठ २ मा

## सातै प्रदेशद्वारा बजेट प्रस्तुत

# अधिकांशको घट्यो

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, १ असार ।

सातै प्रदेश सरकारले आगामी आर्थिक वर्ष(आव) २०८०/८१ को लागि बजेट प्रस्तुत गरेका छन् । संवैधानिक व्यवस्था अनुसार प्रदेश सरकारहरुले बिहीबार र असार १ गते सम्बन्धित प्रदेश सभामा बजेट प्रस्तुत गरेका हुन् । संघीय सरकारले प्रदेशमा जाने बजेट घटाएसँगै प्रदेश सरकारको बजेटको आकार पनि चालु आवको तुलनामा घट्न पुगेको छ । चालु आवको तुलनामा आगामी आर्थिक वर्षको बजेट बागमती, लुम्बिनी, सुदूरपश्चिम, गण्डकी र कोशी प्रदेशको घटेको छ भने कर्णाली र मधेश प्रदेशमा केही बढेको छ ।

सातै प्रदेशले आगामी आवका लागि २ खर्ब ८२ अर्ब २ करोड रुपैयाँको बजेट प्रस्तुत गरेका छन् । सो बजेट चालु आवको प्रदेशहरुको बजेटको तुलनामा २३ अर्ब ४३ करोड ६५ लाख रुपयैयाँले कमी हो ।

### कुन प्रदेशको बजेट कति ?

कोशी प्रदेशले आगामी आर्थिक वर्ष २०८०/८१ का लागि ३६ अर्ब २४ करोड ३५ लाख १० हजार रुपैयाँको बजेट प्रस्तुत गरेको छ । बिहीबार आर्थिक मामिला तथा योजना मन्त्री हिक्मतकुमार कार्कीले बजेट सो आकारको बजेट प्रस्तुत गरेका हुन् ।

कुल बजेटमा पुँजीगततर्फ १८ अर्ब २३ करोड ४२ लाख ५२ हजार र चालूतर्फ १४ अर्ब ३९ करोड ६३ लाख ६६ हजार रुपैयाँ विनियोजन गरिएको छ । यस्तै, वित्तीय व्यवस्थाका लागि १ करोड र स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फ ३ अर्ब ६० करोड २९ लाख रुपैयाँ विनियोजन गरिएको छ । बजेटमा कोशी प्रदेशसभा सदस्य पूर्वाधार विकास कार्यक्रममा लागि १ अर्ब ५० करोड रुपैयाँ विनियोजन गरिएको छ ।

मधेश प्रदेश सरकारले आर्थिक वर्ष ०८०/८१ का लागि ४६ अर्ब ९२ करोड ११ लाख रुपैयाँको बजेट प्रस्तुत गरेको छ । प्रदेशका अर्थमन्त्री सञ्जय यादवले चालुतर्फ २० अर्ब ९२ करोड १५ लाख र पुँजीगततर्फ २० अर्ब ९२ करोड १५ लाख बजेट विनियोजन गरेका छन् ।

बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि ६२ अर्ब ७० करोड ९० लाख रुपैयाँको बजेट प्रस्तुत गरेको छ । प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री बहादुर सिंह लामाले कुल बजेटमध्ये चालुतर्फ २६ अर्ब ७० करोड २७ लाख, पुँजीगत तर्फ ३५ अर्ब ५० करोड ६३ लाख रुपैयाँ विनियोजन गरेका छन् । त्यस्तै, व्यवस्थापन तर्फ ५० करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ ।

गण्डकी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८०/८१ का लागि ३३ अर्ब ४२ करोड ७२ लाख रुपैयाँको बजेट प्रस्तुत गरेको छ । गण्डकी प्रदेशका आर्थिक मामिला मन्त्री जीतप्रकाश आलेले कुल विनियोजित बजेटको चालुतर्फ १२ अर्ब १३ करोड ६७ लाख अर्थात ३८.१ प्रतिशत विनियोजन गरेका छन् । यस्तै, वित्तीय व्यवस्थातर्फ ५० करोड रुपैयाँ विनियोजन गरिएको छ ।

लुम्बिनी प्रदेशले सरकारले आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि ४० अर्ब ४७ करोड ९७ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ । लुम्बिनी प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री धन बहादुर मास्कीले कुल विनियोजन मध्ये चालु तर्फ १३ अर्ब ६३ करोड ३० लाख ९९ हजार र पुँजीगत तर्फ २३ अर्ब २५ करोड ६९ लाख एक हजार विनियोजन गरेका छन् । यस्तै, वित्तीय हस्तान्तरणका लागि ३ अर्ब ५८ करोड ९७ लाख विनियोजन गरिएको छ ।

कर्णाली प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि ३३ अर्ब ३७ करोड ९७ लाख रुपैयाँको बजेट प्रस्तुत गरेको छ । शुक्रबार प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री बेदराज सिंहले कुल बजेटमा चालुतर्फ पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## साउदीमा दिउँसो खुला ठाउँमा काममा लगाउन प्रतिबन्ध

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ असार

अत्यधिक गर्मी बढेपछि साउदी अरेबियामा दिउँसोको समयमा कामदारलाई खुला ठाउँमा काममा लगाउन प्रतिबन्ध लगाइएको छ । शुक्रबार काठमाडौंमा २६ डिग्री सेल्सियस तापक्रम रहँदा साउदी अरेबियामा ४३ डिग्री सेल्सियस पुगेको थियो ।

५० डिग्री सेल्सियस तापक्रमभन्दा बढीमा काममा लगाउँदा कामदारको शरीरमा गम्भीरखालका समस्या देखिने र स्वास्थ्य कमजोर भएका कामदारमा स्ट्रोक समस्या आउने चिकित्सकहरूले बताएका छन् । साउदीको मानव संशाधन र सामाजिक विकास मन्त्रालयले सूर्यको प्रकाशमुनि कामदारलाई काममा नलगाउन सबै निजी कम्पनी तथा प्रतिष्ठानहरुलाई निर्देशन दिएको छ ।

जुन १५ अर्थात् बिहीबारदेखि सेप्टेम्बर १५ सम्म दिउँसो काममा लगाउन प्रतिबन्ध रहेको भन्दै मन्त्रालयले नियमको उल्लंघन गरेर काममा लगाए १९९११ नम्बरमा फोन गर्न कामदारहरुलाई आग्रह गरेको छ ।

साउदी अरेबियासहित नेपाली कामदार ठूलो संख्यामा रहेका खाडीका ६ वटा मुलुकमा मध्य जुनदेखि सेप्टेम्बरसम्म तीन महिनाको अवधिमा अत्यधिक गर्मी हुन्छ । खाडी मुलुकहरूमा झण्डै ११ लाख नेपाली कार्यरत रहेको आंकलन छ । विगत वर्षहरूको तथ्यांक हेर्दा जुनदेखि अगस्टसम्म बढी मात्रामा नेपाली कामदारको ज्यान जाने गरेको छ ।

खाडी मुलुकमा गर्मीयाममा पानी नपर्ने, अत्यधिक तातो हावा चल्ने, धुलो उडेर स्वास्थ्यमा गम्भीर नकारात्मक असर पार्ने गरेको जनस्वास्थ्य अधिकारीहरूको भनाइ छ । मौसमका हिसाबले पृष्ठ २ मा

### विभागको सर्भरमा समस्या

**काठमाडौं/मस-** वैदेशिक रोजगार विभागले बुद्धनगरबाट वैदेशिक रोजगार कार्यालय ताहाचलमा सर्दा शुक्रबार कार्यालय समयपछि सर्भरमा समस्या आएको बताएको छ । शुक्रबार बेलुका ५ बजेपछि सर्भर तथा अन्य उपकरण सार्न शुरु गरिएको भन्दै विभागको वेबसाइट मयाभ।नयख।लउ, ।यचभष्नलवयद।मयाभ।नयख।लउ र वैदेशिक रोजगार कार्यालयको ।यभ। नयख।लउ मा सेवा प्रवाहमा अवरोध आएको बताएको छ ।

विभागले सिस्टमबाट इमेलमा प्राप्त हुने ओटीपीसमेत प्राप्त नहुने हुँदा त्यसका लागि एसएमएसमार्फत ओटीपी प्राप्त गर्न पृष्ठ २ मा

## १६ महिनापछि सर्वोच्चमा प्रधानन्यायाधीश



**मध्यान्ह संवाददाता/मध्यान्ह**
काठमाडौं, १ असार ।

१६ महिनापछि सर्वोच्च अदालतले प्रधानन्यायाधीश पाएको छ । शुक्रबार प्रधानन्यायाधीशमा हरिकृष्ण कार्की नियुक्त भए । उनले शुक्रबार राष्ट्रपति भवन शीतलनिवासमा आयोजित समारोहमा राष्ट्रपति रामचन्द्र पौडेलबाट पद तथा गोपनीयताको शपथ लिए । यससँगै १६ महिनापछि सर्वोच्च अदालतले नेतृत्व पाएको छ ।

१ फागुन २०७८ मा तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरामाथि प्रतिनिधि सभामा महाभियोग प्रस्ताव दर्ता भएसँगै सर्वोच्च कामुको भरमा चलेको थियो । कायममुकायमको रुपमा दुई जनाले सर्वोच्चको नेतृत्व गरे । पृष्ठ २ मा

## साइबर अपराधको उच्च जोखिममा महिला र बालबालिका

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १ असार ।

सामाजिक सञ्जालको व्यापक प्रयोगसँगै साइबर अपधराका घटनापनि दिनहुँ बढ्न थालेका छन् । फेसबुक, टिकटक, भाइबर, ह्वाट्सएप, ट्विटर लगायतका सञ्जालबाट चरित्रहत्या गर्ने देखि ठगीसम्मका घटना बढ्न थालेको हो । जसले गर्दा साइबर ब्युरोमा उजुरी बढ्दै जाने ग्राफ ह्वात्तै बढेको छ । ब्युरोको तथ्यांक अनुसार आर्थिक वर्ष २०७६/०७७ मा २ हजार ३ सय एक उजुरी परेका थिए भने २०७७/०७८ मा ३ हजार ९सय ६ उजुरी दर्ता भए । त्यस्तै, २०७८/०७९ मा ४ हजार ६ सय ८६ र २०७९/०८० मा ६ हजार ९ सय ५६ उजुरी दर्ता भएको देखिन्छ । सोही ग्राफलाई हेर्ने हो भनेपनि अपराधको दर वर्षेनी उच्च अंकले उकालो लागिरहेको देखिन्छ । यद्यपि, ब्युरोले उजुरीका आधारमा हालसम्म ३ सय ६० जनामा मुद्दा चलाइसकेको जनाएको छ ।

पछिल्लो समयमा महिला र बालवालिकाहरु धेरै पीडित भएको देखिन्छ, महिलाहरु मोबाइल चलाउन जानेर वा नजानेर पीडित भएको देखिन्छ भने बालवालिकाको हातहातमा मोबाइल भएर अपराध बढेको देखिन्छ' साइबर ब्युरोका प्रहरी निरीक्षक राजकुमार खड्गीले भने । उनले पछिल्ला दिनमा टिकटकबाट हिंसामा पर्ने संख्या उच्च देखिएको पनि बताएका छन् । ब्युरोकै अनुसार आर्थिक वर्ष २०७६/०७७ मा १६ बालक र ८८ बालिका साइबर अपराधको सिकार भएका थिए । २०७७/०७८ मा ५६ बालक र १५२ बालिका रहेका थिए भने २०७८/०७९ मा ४१ बालक र १४२ बालिका हिंसामा परे । त्यस्तै, २०७९/०८० मा बालक ३३ र ८७ जना बालिका पीडित भएका छन् । त्यस्तै महिलाहरुमा भने अधिकांश २५ देखि ३५ वर्ष उमेरसम्मका व्यक्तिहरु हिंसाको सिकार हुनेगरेको तथ्यांकले देखाएको छ । अझैपनि नेपालमा साइबर पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

२ असार २०८०, शनिबार
17 June 2023, Saturday

# मेयर बालेनलाई प्राधिकरणले सोध्यो स्पष्टीकरण

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ असार




नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहलाई सात दिने स्पष्टीकरण सोधेको छ । सिनामंगलस्थित त्रिभुवन अन्तर राष्ट्रिय विमानस्थल क्षेत्रमा पूर्वजानकारी नदिई फेन्सिङ तार काटेको भन्दै प्राधिकरणले काठमाडौं महानगर प्रमुख बालेनलाई स्पष्टीकरण सोधेको हो ।

प्राधिकरणले स्पष्टीकरण सोधेको पत्रमा भनेको छ, 'प्राधिकरणका कर्मचारीले फेन्सिङ तार नकाट्न अनुरोध गर्दा पनि अटेर गरी जबर्जस्ती कार्य गरेको, सोसम्बन्धी पत्र तथा जानकारी माग्दा नगर प्रमुखको आदेशबमोजिम कार्य गरेको र त्यहीं सोध्न जानुहोस् भनी जवाफ दिएकाले सो कार्यमा तपाईं (मेयर) को संलग्नता देखिएकाले प्राधिकरणको ऐनको दफा ७ को कसुरमा ७ दिनभित्र लिखित स्पष्टीकरण पेस गर्नु ।'

म्यादभित्र लिखित स्पष्टीकरण पेस नगरेमा कानूनबमोजिम कारबाही गर्ने प्राधिकरणले चेतावनी दिएको छ । प्राधिकरणले मेयर बालेनलाई सोधेको स्पष्टीकरणको बोधार्थ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र नेपाल नागरिक उड्डयन प्राधिकरणका अध्यक्षलाई दिएको छ ।

# नेपालगञ्ज उपमहानगर–१३ का वडा अध्यक्ष घुससहित पक्राउ




**काठमाडौं/मस–** नेपालगञ्ज उपमहानगरपालिका-१३ का वडा अध्यक्ष दिलावर कवडिया घुस लिएको आरोपमा पक्राउ परेका छन् । वडा अध्यक्ष कवडियासहित कार्यालय सहयोगी गंगाराम बृजवासीलाई पनि अख्तियार दूरुपयोग अनुसन्धान आयोगले पक्राउ गरेको हो ।

कृषि अनुदानको लागि सिफारिस गरिदिए वापत सेवाग्राहीसँग घुस माग गरिरहेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवल कार्यालयबाट खटिएको टोलीले उनीहरूलाई पक्राउ गरेको हो । उनीहरूले नौ हजार घुस लिएको आरोपमा वडा कार्यालयबाट नियन्त्रणमा लिइएको हो । यसबारे अहिले थप अनुसन्धान भइरहेको प्रवक्ता भोला दाहालले जानकारी दिएका छन् ।

# राजदूतसहित कतारका नेपालीले गरे रक्तदान

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, १ असार



कतारका लागि नेपाली राजदूत नरेश विक्रम ढकालले पहिलो पटक रक्तदान गरेका छन् । विश्व रक्तदाता दिवसको अवसरमा नेपाली रक्तदाता संघ, कतारको समन्वय र कतारमा स्थापित नेपाली संघसंस्थाहरूको संयुक्त आयोजनामा शुक्रबार सम्पन्न 'बृहत् रक्तदान कार्यक्रम'मा राजदूत ढकालले आफ्नो जीवनकै पहिलो पटक रक्तदान गरेका हुन् ।

आफूले जीवनमा धेरै पटक रक्तदान गर्न कोसिस गरेपनि असफल भएका बेला कतारमा रक्तदान गर्न आफू सफल भएको बताए । उनले जीवनमै पहिलो पटक कार्यक्रममा पहिलो रक्तदाता बनेर रक्तदान गर्न पाउँदा खुसी लागेको बताए । ढकाल कतारका नेपाली समाजले आयोजना गर्ने सार्वजनिक कार्यक्रममा रक्तदान गर्ने पहिलो राजदूतसमेत बनेका छन् ।

अलसादस्थित हमाद हस्पिटलको ब्लड डोनर सेन्टरमा आयोजित रक्तदान कार्यक्रममा १ सय २७ जनाको उपस्थिति रहेको थियो भने ८४ जनाले रक्तदान गरेको संघका अध्यक्ष रामजी खत्रीले मध्यान्हलाई जानकारी दिए ।

कार्यक्रममा आयोजक संघसंस्थाका अलावा कतारमा स्थापित विभिन्न सामाजिक तथा वैचारिक सस्थाहरु, जिल्ला संस्थाहरू, विभिन्न जातीय संस्थाहरू, बुद्धिजीवी, समाजसेवी, पत्रकार तथा सर्वसाधारणको उल्लेख्य उपस्थिति रहेको थियो । संघले कार्यक्रममा उपस्थित भएर रक्तदान गरेका सम्पूर्ण दाताहरूलाई धन्यवाद ज्ञापन गर्दै सम्मान पत्रसमेत प्रदान गरेको थियो । रक्तदान जस्तो पुण्य कार्यमा सहभागी भएर कार्यक्रमलाई सभ्य र भव्य बनाइदिने सम्पूर्णलाई संघले धन्यवाद तथा आभार प्रकट गरेको छ ।

## अदालतको...

समितिका अध्यक्ष शमशेर मियाँसहित १६ जना थुनामा गएका हुन् ।

भुटानी शरणार्थी प्रकरणमा पक्राउ परेका १६ र फरार १४ गरी ३० जनाविरुद्ध जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौंले ठगी, संगठित अपराध, किर्ते र राज्यविरुद्धको अपराध कसुरमा कैद बिगो र जरिवाना मागदाबीसहित जेठ १० मा मुद्दा दायर गरेको थियो । २०७९ चैत १२ मा गिरोहका नाइके केशव दुलाल सानु भण्डारी र टंक गुरुङलाई पक्राउ गरेपछि प्रहरीले अदालतबाट म्याद थप गरेर अघि बढाएको अनुसन्धानका क्रममा पूर्वउपप्रधानमन्त्री एवं एमाले सांसद टोपबहादुर रायमाझी, पूर्वगृहमन्त्री बालकृष्ण खाँण, नेपाल सरकारका सचिव टेकनारायण पाण्डे, तत्कालीन गृहमन्त्री रामबहादुर थापाका सुरक्षा सल्लाहकार इन्द्रजित राई, भुटानी शरणार्थी नेता टेकनाथ रिजालसहित १६ जना पक्राउ परेका थिए ।

रायमाझी, खाँण, पाण्डे, राई र रिजालसहित गिरोहका नाइके दुलाल, भण्डारी गुरुङ कांग्रेसका पूर्वसांसद आङटावा शेर्पा, नेपाल हज समितिका अध्यक्ष शमशेर मियाँ, पूर्वउपप्रधानमन्त्री रायमाझीका छोरा सन्दीप, गिरोहका सदस्यहरू सागर राई, रामशरण केसी, खाँण गृहमन्त्री हुँदा उनका स्वकीय सचिव रहेका नरेन्द्र केसी र गोविन्द चौधरी अनुसन्धानकै क्रममा पक्राउ परेका थिए ।

प्रतिवेदन सरकारी वकिल कार्यालयमा बुझाएर मुद्दा अदालतमा दर्ता भइसकेपछि प्रतिवादीमध्येका थप २ जना लक्ष्मी महर्जन र हरिभक्त महर्जन पक्राउ परेका थिए । महर्जनद्वय दम्पती हुन् ।

पक्राउ परेका १६ र थप १७ जनालाई फरार सूचीमा राखेर जिल्ला प्रहरी परिसर काठमाडौंले जेठ ८ मा राज्यविरुद्ध अपराधसहितका ३ कसुरमा मुद्दा चलाउनुपर्ने रायसहितको अनुसन्धान प्रतिवेदन सरकारी वकिल कार्यालयमा बुझाएको थियो । त्यसको २ दिनपछि जेठ १० मा सरकारी वकिल कार्यालयले प्रहरीले दिएको रायबाहेक किर्तेको थप दफा लगाएर ३० जनाविरुद्ध अदालतमा अभियोगपत्र दायर गरेको थियो ।

प्रहरीले प्रतिवादी बनाएका ३ जनाको विस्तृत हुलिया नखुलेका कारण उनीहरू प्रतिवादीको सूचीमा समेटिएनन् । उनीहरूलाई पछि कसुर खुलेबमोजिम हुने गरी बाँकीको हकमा चारवटा कसुरमा २८ करोड ८१ लाख रुपैयाँ बिगो, ठगिएको रकम फिर्ता र कैद सजाय मागदाबीसहित मुद्दा दर्ता भएको थियो । मुद्दा दायर भएको २ दिनपछि जेठ १२ बाट अदालतले अभियुक्तहरूसँग थुनछेक बहसअघिको बयान लिएको थियो । जेठ १९ मा टुंग्याएकोमा त्यसको दुई दिनपछि २१ गतेबाट थुनछेक बहसका लागि इजलास बसेको थियो । त्यसको भोलिपल्ट २२ गतेबाट ३ दिनसम्म सरकारी वकिलले मुद्दाको पक्षमा बहस गरेकामा भोलिपल्टदेखि प्रतिवादीतर्फका कानुन व्यवसायीहरूले बहस गरेका थिए । प्रतिवादीका कानुन व्यवसायीहरूको बहस बिहीबार टुंगिएको थियो ।

शुक्रबार जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंका प्रमुख सहन्यायाधिवक्त अच्युतमणि न्यौपानेसहितका सरकारी वकिल र जाहेरीकर्ताका कानुन व्यवसायीहरूले जवाफी बहस गरेका थिए ।

## दुई...

महर्जनकी श्रीमती हुन् । महर्जनले लक्ष्मीका नाममा खोलेको खातामार्फत रकम लेनदेन गर्ने गरेका थिए ।

## टोपबहादुरको...

अब अदालतबाट यो मुद्दाको अन्तिम किनारा नलाग्दासम्म उनले सांसदको हैसियतमा कुनै गतिविधि गर्ने पाउनेछैनन् ।

उनले निलम्बित अवधिको पारिश्रमिक र अन्य सेवा सुविधासमेत पाउनेछैनन् । मुद्दाको अन्तिम फैसला भएर उनी दोषी ठहर भए पदै जान्छ र उनी निर्वाचित क्षेत्रमा उपनिर्वाचन हुन्छ ।

## सातै...

९ अर्ब २० लाख २४ हजार र पुँजीगत तर्फ १९ अर्ब ९७ करोड ७२ लाख ४३ हजार बजेट विनियोजन गरेका छन् । यस्तै, बजेटमा स्थानीय तहको वित्तीय हस्तान्तरणमार्फत ४ अर्ब ८० करोड ४ लाख ४० हजार विनियोजन गरिएको छ ।

सुदूरपश्चिम सरकारले आगामी आव २०८०/८१ का लागि २९ अर्ब २६ करोड ५९ लाख ३२ हजार बराबरको बजेट प्रस्तुत गरेको छ । प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री नरेश शाहीले चालु खर्चतर्फ ९ अर्ब ५९ करोड ६० लाख २ हजार र पुँजीगत खर्चतर्फ १७ अर्ब २ करोड २३ लाख ६० हजार बराबरको विनियोजन गरेका छन् । अन्तर सरकारी वित्त हस्तान्तरण तर्फ २ अर्ब ३४ करोड ७५ लाख ७० हजार र वित्तीय व्यवस्थातर्फ ३० करोड बराबरको बजेट विनियोजन गरेको छ ।

## साउदीमा...

अत्यन्तै खराब सिजनका रूपमा लिइने जुनदेखि अगस्टसम्म छहारीमा पनि तापक्रम ५५ डिग्री सेल्सियस पुग्ने गरेको स्थानीय सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन् ।

दिउँसो काम गर्ने कामदार हरूको शरीरमा पसिनाले अत्यधिक नुन बग्दा कामदार कार्यस्थलमै ढल्ने, बेलुका क्याम्पमा पुग्दा शरीर नुनिलो पसिनाले सेतै भइसक्ने कामदारहरूको भनाइ छ । प्रत्येक वयस्क कामदारलाई दैनिक न्यूनतम ३ लिटर पानी पिउनसमेत मन्त्रालयले आग्रह गरेको छ ।

## विभागको...

सकिने जनाएको छ । विभाग विगत १५ दिनदेखि बुद्धनगरबाट ताहाचल सर्न शुरु गरेको हो, तर पूर्णरूपमा व्यवस्थित हुन सकेको छैन ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले ताहाचलमा विभाग स्थानान्तरण गरी व्यवस्थापन गरेपछि आगामी साउन १ गतेदेखि स्वचालित प्रणालीमार्फत पूर्व र अन्तिम श्रम स्वीकृति प्रदान गर्ने बताएको छ । म्यानपावर कम्पनीले आफ्नै कम्पनीमा बसेर वैदेशिक रोजगारीमा जाने श्रमिकको सूचना अनलाइनमा राख्न सक्ने र सूचना राखेपछि स्वतः श्रम स्वीकृति प्रदान हुने बताएको छ ।

मन्त्रालयले अटोमेसन कार्यान्वयनमा आएपछि पूर्व र अन्तिम श्रम स्वीकृतिका लागि फाइल बोकेर म्यानपावर कम्पनी श्रम तथा रोजगार कार्यालयमा धाउने अवस्थाको अन्त्य हुने दाबी गरेको छ । विभागले अटोमेसन प्रणालीको कडाइका साथ अनुगमन गरी गलत कागजातका आधारमा पूर्व तथा अन्तिम स्वीकृति लिएको पाइए लाइसेन्स खारेजीको प्रक्रिया शुरूवात गर्ने चेतावनी दिएको छ ।

## १६ महिनापछि...

तत्कालीन प्रधानन्यायाधीश जबराविरुद्ध संसदमा महाअभियोग प्रस्ताव दर्ता भएपछि २०७८ फागुन १ गते नै दीपककुमार कार्की कामु प्रधानन्यायाधीश बने । दीपककुमारले उमेर हदका कारण १५ असोज २०७९ मा अवकाश पाए । त्यसपछि शुक्रबारसम्म न्यायाधीश हरिकृष्ण कार्कीले कामु प्रधानन्यायाधीशको जिम्मेवारी सम्हाले ।

२५ वैशाख २०८० मा संवैधानिक परिषदको बैठकबाट प्रधानन्यनयाधीशमा कार्कीको नाम सिफारिस भएको थियो । शुक्रबार संसदीय सुनुवाइ समितिले प्रक्रिया पूरा गरेर अनुमोदन गरेपछि कार्की प्रधानन्यायाधीश नियुक्त भएका हुन् ।

## साइबर...

सेक्युरेटीसम्बन्धी विषयले व्यापकता पाएको छैन, जसले गर्दा व्यक्ति मात्रै होईन सरकारकै गोप्य सूचना र आधिकारीक साइट पनि सुरक्षित छैनन्,' सूचना प्रविधिविज्ञ पंकज जलनले भने । उनले सूचना प्रबिधि विधेयकले अपराधीलाई कडा दण्डसजाय दिनेगरि जानुपर्ने सुझाव दिएका हुन् ।

विद्युतीय कारोबार ऐन २०६३ को परिच्छेद-९ साइवर अपराधसम्बन्धीका विषयहरु उल्लेख गरिएको छ । त्यस्तै, दफा ४६- ले कुनै संस्थालाई गलत तरिकाले हानी नोक्सानी पुर्याउनका लागि कम्प्युटरमा रहेको कुनै सूचनालाई नष्ट गरेमा, क्षति पुर्‍याए वा मेटाएमा र हानिकारक प्रभाव पारेमा कसुर गर्ने व्यक्तिलाई दुई लाखसम्म जरिवाना वा तीन वर्षसम्म कैद वा दुवै हुनसक्ने व्यवस्था गरेको छ । सूचनाप्रविधिको क्षेत्रलाई व्यवस्थित बनाउन सरकारले पहल गरेको बताएपनि ठगी, चरित्रहत्या, ब्यालकमेल लगायतका घटना बढिरहेका छन् । तसर्थ, प्रयोगकर्ताले पनि अपरिचित व्यक्तिसँग सम्बन्ध बढाउने, बालवालिकालाई मोबाईल दिने र आफ्नो गोप्य फोटो भिडियो वा विवरण पठाउने विषयमा सावधानी अपनाउनु अत्यावश्यक देखिन्छ ।

# विश्व रक्तदाता दिवसका अवसरमा रक्तदान

**पवन जायसवाल/मध्यान्ह**
बाँके, १ असार



विश्व रक्तदाता दिवसको अवसरमा 'रक्तदान जीवनदान' भन्ने मूल नाराका साथ रक्तदान कार्यक्रम सम्पन्न भएको छ ।

के.एल.दुग्गड ग्रुप, सौरभ आयल एण्ड एग्रो इण्डिष्ट्रिज विकास फुड प्रोडक्ट्स प्रा.लि.कोहलपुर नगरपालिका वडा नं.१४ पार्वतीपुर बाँकेको आयोजनामा रक्तदान दिवस सम्पन्न भएको हो ।

रक्तदान कार्यक्रममा के.एल.दुग्गड ग्रुप, सौरभ आयल एण्ड एग्रो इण्डिष्ट्रिज विकास फुड प्रोडक्ट्स प्रा.लि.का प्रबन्धक प्रदीप कुमार छाजेड र रक्तदान कार्यक्रमका संयोजक भुवन आचार्यले प्राविधिक राजेन्द्र महतरा र होमराज गिरीलाई संयुक्त रुपमा रगत पाकेट हस्तान्तरण गरी कार्यक्रमको उद्घाटन गरेका थिए ।

रक्तदान कार्यक्रममा के.एल.दुग्गड ग्रुप, सौरभ आयल एण्ड एग्रो इण्डिष्ट्रिज विकास फुड प्रोडक्ट्स प्रा.लि.प्रबन्धक सुरेश ढुंगाना, भुवन आचार्य, विरेन्द्र कुमार कर्ण, सुदीप कुमार केसी, शिव क्षेत्री, विषराम यादव, राम गोपाल थारु, किशोर यादव, रमेश कुमार तमोली, चन्द्रराम थारु, अभिषेक शर्मा, राजेन्द्रहरि भण्डारी, रमेश कुमार, समसाद, बबिता छाजेड, राजु प्रजापति, सुशील अधिकारी, गोवर्द्धन चौधरी, निजाममियाँ तेली लगायत २० जनाले रक्तदान गरेका थिए । सो रक्तदान कार्यक्रममा नेपाल स्वयंसेवी रक्तदाता समाज बाँकेले जिल्लाको विभिन्न पालिकाहरुमा उपशाखा गठन गरिएको र गरी रहेको क्रियाकलापको बारेमा समाजका सदस्य तथा प्राविधिक होमराज गिरीले जानकारी गराएका थिए ।

रक्तदान कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी बाँके शाखाद्वारा सञ्चालित कोहलपुर रक्तसंचार युनिटका इन्चार्ज राजेन्द्र महतरा, सन्दिप आचार्य प्रादेशिक रक्त संचार सेवा केन्द्र नेपालगन्जका होमराज गिरीले प्राविधिकमा सहयोग गरेका थिए । यसरी मानवअधिकार तथा शान्ति समाज बाँके शाखाद्वारा आयोजित रक्तदान कार्यक्रममा नेपालगन्ज हेल्थ क्याम्पसका विद्यार्थी लगायत १२ जनाले रक्तदान गरेका थिए । रक्तदान गर्नेहरुमा प्रिन्स श्रेष्ठ, कृष्ण कुमार बढही, नविन जायसवाल, युवराज लामिछाने, रामबहादुर यादव, योगेन्द्र बहादुर बुढा, इच्छाराम यादव, रश्मी श्रेष्ठ, कृष्ण प्रसाद गुप्ता भुजवा, बालकृष्ण नेपाली लगायतले रक्तदान गरेका थिए ।


# मलेसियामा रोजगार

कम्पनी : NGEE TECK HUAT PLANTATION SDN BHD
शहर: Malaysia, Johor

पूर्व स्वीकृत मितिः २०८०/०३/०१ चलानी नं.: ६०२०३२६७ LT. No.: 287935

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agreculture Worker | 25 | 0 | स. काममा दक्ष | 1500 | ४२,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

# कतारमा रोजगार

कम्पनी : ENCIVIL MANPOWER CONTRACTING WLL
शहर: Doha

पूर्व स्वीकृत मितिः २०८०/०३/०१ चलानी नं.: ६०२०३२६८ LT. No.: 288047

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Accounts-salaries And Wages Clerk | 2 | 0 | सम्बन्धित काममा दक्ष | 3600 | १२९,५६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labour | 3 | 0 | | 1000 | ३५,९९० | | | | | | | |
| 3. | Manager | 1 | 0 | | 5700 | २०५,१४३ | | | | | | | |
| 4. | Supervisior | 2 | 0 | | 2500 | ८९,९७५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असार ९ गते (24 June 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Gov. Lic No. 895/067/068

Sagar Recruitment Pvt. Ltd.
GPO Box: 21807, Dhumbarahi- 4, Kathmandu, Nepal | Tel: +977- 01-4542232, 01-4542285
Mobile: 9801049208, 9801049209,9801049210, 9801049211, 9801049212, 9801049213
Email: info@sagarjob.com.np, Web: www.sagarjob.com.np



# Invitation of Electronic Bids

## Urlabari Municipality
## Office of Municipal Executive

**Urlabari, Morang**

**Koshi Province, Nepal**

**Date of Publication: 2080/03/01 (16th of June 2023)**

1. The Urlabari Municipality office, invites Open Competitive Bidding electronic bids from eligible bidders for the following works under sealed quotations procedure:

**Details of Works**

| S.No. | Contract Id No. | Name of Project work | Cost Estimate (NRs) with VAT | Bid security Amount (NRs.) | Fee for Bid Document (NRs) |
|---|---|---|---|---|---|
| 1. | URL-Blacktop Maintenance-ward7 -W-SQ-1-079/80 | Baghakhor dekhi Bargachhi chowk samma kalopatre | 11,15,054.12 /- | 29,000/- | 1,000.00 |

2. Eligible Bidders may refer complete set of Bid Document for further information at office of Urlabari Municipality, Urlabari, Morang or PPMO'S Website: **www.bolpatra.gov.np/egp**. And Bidders shall have the option of submitting their bids electronically only.
3. For details bidders are advised to visit website: **www.bolpatra.gov.np/egp**.

**Chief Administrative Officer**

# नेपालमा पहिलो पटक मंकीपक्स संक्रमण पुष्टि



**काठमाडौं/मस–** नेपालमा पहिलो पटक मंकीपक्स भाइरसको संक्रमण देखिएको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सहप्रवक्ता डा.समिर कुमार अधिकारीले शुक्रबार विज्ञप्ति जारी गर्दै मंकीपक्स भाइरस (एमपक्स) संक्रमण देखिएको जानकारी दिए।

'एक ६० वर्षीय विदेशी महिलामा एमपक्ससँग मिल्दोजुल्दो लक्षण देखिएपछि काठमाडौंको अस्पतालमा परीक्षण भइरहेको थियो', उनले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'ती महिलाको शरीरबाट नमूना संकलन गरी राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकुमा परीक्षण गर्दा आज एमपक्स सङ्क्रमण पुष्टि भएको हो।'

मंकीपक्सको बारेमा थप खोज अनुसन्धान तथा उपचार जारी रहेको जनाइएको छ। मंकीपक्स विश्वभरी हाल १११ देशमा फैलिसकेको छ।

यो मंकीपक्स भाइरसबाट हुने एक किसिमको सरुवा रोग हो। यो एमपक्स रोग मानिसबाट मानिसमा वा जनावरबाट मानिसमा सर्ने गर्दछ। सन् १९८० मा विफरको उन्मूलन र विश्वव्यापी विफर खोपको अन्त्यपछि मंकीपक्स मध्य, पूर्वी र पश्चिमा अफ्रिकामा निरन्तर देखापरिहेको छ।

विश्वव्यापी बिफर खोपको अन्त्यपछि मंकीपक्स मध्य, पूर्वी र पश्चिम अफ्रिकामा निरन्तर रूपमा देखा परेको छ। मंकीपक्सले २०२२-२०२३ मा विश्वव्यापी प्रकोपको रूप लिएको छ।

'मंकीपक्स भाइरस' संक्रमित जनावरको शरीरबाट निस्कने तरल पदार्थ अथवा रगतबाट मानिसमा सर्ने गर्छ। विशेषतः अफ्रिकी मुसा वा बाँदरबाट यो मानिसमा संक्रमण गर्न सक्छ। सरुवा रोग विशेषज्ञहरूका अनुसार 'मंकीपक्स भाइरस' मानिसबाट मानिसमा भने थुकको छिटा, खुल्ला छाला, मुख, आँखामा भाइरस परे सर्न र संक्रमण गर्छ। संक्रमितसँग नजिकमा रहने व्यक्तिमा 'मंकीपक्स' सर्ने जोखिम हुन्छ।

अहिले मंकीपक्स देखिरहेको देशमा भाइरसको स्वरुप परिवर्तन भएकाले महामारीका रूपमा फैलनसक्ने खतरा उत्तिकै रहेको संक्रामक रोग विशेषज्ञ बताउँछन्।

अहिले फैलिएको भेरियन्ट पश्चिम अफ्रिकामा पाइने भेरियन्ट (कम घातक) चाहि हो। चिकित्सकका अनुसार संक्रमण भएको ५ देखि २१ दिनसम्ममा 'मंकीपक्स' को लक्षण देखिने गर्छ। ज्वरो आउनु, टाउको र जीउ दुख्नु, जाडो लाग्नु, लिम्फ ग्रन्थीहरू सुन्निनु यसका प्रारम्भिक लक्षण हुन्। यस्तो लक्षण देखिएको १ देखि ३ दिनसम्ममा अनुहार तथा शरीरका अन्य भागमा बिमिराहरू देखिन थाल्छन् र चिलाउँछन्। पछि पानी फोका हुँदै, फुट्दै, सुक्दै जान्छन्, तर दाग बसिरहन सक्छ। मंकीपक्सका लक्षण सामान्यतया २ देखि ४ हप्तामा हराएर जान्छन्। बच्चाहरूमा भने गम्भीर समस्या देखा पर्न सक्छ।

रोगको गम्भीरता भाइरस संक्रमणको मात्रा, बिरामीको स्वास्थ्य स्थिति र जटिलताको प्रकृतिसँग सम्बन्धित हुन्छ। यसले कमजोर प्रतिरक्षा प्रणाली भएका मानिसमा गम्भीर समस्या निम्त्याउन सक्छ।

मंकीपक्सका गम्भीर बिरामीमा सेकेन्डरी इन्फेक्सन, ब्रोन्कोनिमोनिया, सेप्सिस, इन्सेफलाइटिस र कर्नियाको संक्रमणले दृष्टि गुम्ने समेत हुन सक्छ। विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) का अनुसार यो रोगको मृत्युदर ११ प्रतिशतसम्म पनि पुग्छ। साना बालबालिकामा मृत्युदर उच्च रहेको छ। हालको समयमा मृत्युदर लगभग ३.६ प्रतिशत छ। झण्डै दश संक्रमितमध्ये एकको भने जटिलताको कारणले मृत्यु हुने देखिएको संक्रामक रोग विशेषज्ञहरू बताउँछन्।

# विकास निर्माणमा जुटे युवा नेता यादव

मनु यादव/मध्यान्ह
सिरहा, १ असार



सिरहाको नवराजपुर गाउँपालिकामा पछिल्लो समय विकासले गति लिन थालेको छ। वडा -३ स्थित युवा नेता रामसुरेश यादवको नेतृत्वमा निर्माण हुन लागेको ग्राम उद्योग भवनका लागि उनी आफैं श्रमदानमा खटिएका छन्।

युवा नेता यादवले टोल-टोल, घरमा-घरमा पुगेर प्रत्येक वडाबासी र सबै दललाई विकासको गतिविधिमा सघाउन आह्वान समेत गरेका छन्।

यादव जनमत पार्टी नवराजपुर गाउँपालिका-३ को वडा अध्यक्षका प्रत्यासी उम्मेदवार समेत हुन्। उल्लेखनीय कार्यहरूले गर्दा युवा नेता यादवको सिरहा जिल्लामा चर्चा हुन् थालेको छ।



## प्रादेशिक सडक डिभिजन कार्यालय, धादिङ

### आर्थिक प्रस्ताव (PRICE BID) खोल्ने सम्बन्धी सूचना

**(पत्रिकामा प्रकाशित मिति २०८०/०३/०२)**

प्रदेश सरकार, प्रादेशिक सडक डिभिजन कार्यालय, धादिङ्गको मिति २०८० बैशाख ०७ गते "नागरिक" राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम रितपूर्वक दर्ता हुन आएका बोलपत्रदाताहरुको ITB29, ITB30 र ITB32 अनुसार मूल्याङ्कन गर्दा तपशिल बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक बोलपत्र सारभूतरुपमा प्रभावग्राही तथा प्राविधिक रुपमा योग्य रहेको हुँदा ITB25.9 तथा सार्वजानिक खरिद नियमावली, २०६४ को नियम ३१(ङ) को उपनियम ५ बमोजिम निजहरुको आर्थिक प्रस्ताव तपशिल बमोजिमको स्थान, मिति र समयमा खोलिने हुँदा ITB25.7 र ITB25.8 बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सारभूतरुपमा प्रभावग्राही तथा प्राविधिक रुपमा योग्य बोलपत्र पेश गर्ने बोलपत्रदाताहरुः**

| Project | Bidders |
|---|---|
| Upgrading of Malekhu Kola Kudulley Talti Road, Benighat Rorang Ga Pa 2,3, Dhading {0+000 to5+350 Km} 0+000 at Malekhu Bazar Contract No: PRDODHA/W/NCB/MYR05/2079-80 | 1. Kasthamandap Construction Pvt. Ltd., Balkhu-14, Kathmandux |

**आर्थिक बोलपत्र खोलिने**
**स्थानः प्रादेशिक सडक डिभिजन कार्यालय, धादिङ्ग**
**मितिः २०८०/०३/०८ समयः १७:०० बजे**

## सप्तकोशी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
फत्तेपुर, सप्तरी
मधेश प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०८०-०३-०२**

सप्तकोशी नगरकार्यपालिकाको कार्यालयबाट मिति २०८०-०१-०१ मा The Procurement of Equipment and Software for Saptakoshi Municipality ठेक्का नं. SKMO/GOODS/04/2079/080 को e–Bidding मार्फत भएको बोलपत्र आवहानको सूचना अनुसार रितपूर्वक पेश हुन आएका बोलपत्रहरुमध्ये पहिलो न्यूनतम मूल्याङ्कित सारभुतरुपमा प्रभावग्राही बोलपत्र स्वीकृतिका लागि यस कार्यालयबाट मिति २०८०-०२-१२ मा बोलपत्र स्वीकृत गर्ने आशयको ०७ दिने सूचना प्रकाशन गरिएकोमा सार्वजनिक खरिद अनुगमन कार्यालयको मिति २०८०-०२-१७ गतेको सूचना अनुसार उक्त कम्पनीलाई १ बर्षका लागि कालो सुचीमा राखेको हुँदा कार्यपालिकाको मिति २०८०-०३-०१ गतेको निर्णयानुसार दोस्रो न्यूनतम मूल्याङ्कित सारभुतरुपमा प्रभावग्राही देहायको बोलपत्र स्वीकृत गर्नका लागि यो ०७ दिने आशयको सूचना सम्बन्धित सबैको जानकारीका प्रकाशित गरिएको छ।

तपसिलः-

| ठेक्का नं. | कामको विवरण | ठेक्का कबोल गर्ने फर्मको नाम ठेगाना | कबोल अंक (मू.अ.क. समेत) |
|---|---|---|---|
| SKMO/GOODS/ 04/2079/080 | The Procurement of Equipment and Software for Saptakoshi Municipality | Citizen infotech pvt. Ltd. Ktm | १,४६,४०,२८०।०० |

प्रमुख प्रशासकीय अधिकृत



# तीन लाख बढीको अक्षयकोष स्थापना



**गुल्मी/मस–** गुल्मीको मालिका गाउँपालिका वडा नम्बर ५ छापाहिले(हिले) स्थित छापाहिले माध्यामिक विद्यालयमा तीन लाख बढीको अक्षयकोष स्थापना गरिएको छ।

रोजगारिको सिलसिलामा जापानमा रहेका यमु पछाइले ३ लाख ३ हजार ३ सय ३३ रुपैयाँ बराबरको अक्षय कोषको निर्माण गरेका हुन्।

शुक्रबार पछाइले स्वर्गीय पिता सुर्य बहादुर पछाइ र छोरी एलिसा पछाइको नाममा विद्यालयमा अक्षय कोष स्थापना गरेको विद्यालयका प्रधानाध्यापक धनु गिरीले बताए।

पछाइले विद्यालयमा अध्ययरत विद्यार्थीहरु, शिक्षक तथा अभिभावकहरुलाई शिक्षा क्षेत्रमा थप अगाडि बढ्न अभिप्रेरित गर्दै मालिका गाउँपालिकाले घोषणा गरेको शैक्षिक सुधार वर्ष २०८० लाई समेत टेवा पुगोस् भन्ने उदेश्यका साथ रु. ३ लाख ३ हजार ३ सय ३३ रुपैयाँ बराबरको अक्षय कोष निर्माणको लागि सहयोग गरेको प्रधानाध्यापक गिरीले बताए।

यस कोषको व्याजबाट आउने रकम व्यवस्थापनमा खर्च, उत्कृष्ट विद्यार्थी पुरस्कार, विपन्न विद्यार्थीको लागि शैक्षिक सामग्रीमा सहयोग, विपन्न तथा जेहेन्दार विद्यार्थी छात्रवृत्ति र उत्कृष्ट शिक्षक सम्मान जस्ता शिर्षकमा खर्च हुने अक्षयकोष कार्यविधिमा उल्लेख गरिएको छ। यो कोष निर्माणमा भूतपूर्व विद्यालय व्यवस्थापन समितिका अध्यक्ष डि.वि. पछाइको समेत महत्वपूर्ण भूमिका रहेको छ।



## VACANCY
## ANNOUNCEMENT

WE'RE HIRING

एक प्रतिष्ठित कम्पनीको लागि कर्मचारीहरु आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला।

1. OFFICE SECRETARY - (1 M/F)
2. ACCOUNTANT - (1 M/F)
3. RECEPTIONIST - (2 Female)

SALARY Negotiable

नोटः कम्तीमा पनि २/३ वर्ष मेनपावरमा काम गरेको अनुभव हुनुपर्दछ।
कम्प्युटर सम्बन्धी दक्ष तथा अनुभवीलाई विशेष प्राथमिकता दिइनेछ।

Interested candidates are requested to mail their updated CV and documents at

admin@bridgeskyint.com.np

APPLY NOW!

**ब्रिज स्काई ईन्टरनेशनल प्रा. लि.**
PO Box : 24789, Dhapasi, Near Shahanshah Hotel, Kathmandu, Nepal.
नेपाल फोन नं. ४९५३३२१, ४९५४९७१ ४९५६३६१, फ्याक्सः ४४६५३९५
श्रम इजाजत नं. ५७३/०६२/०६३

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

### कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७३/०६/०२ मा दर्ता भएको **प्रा.लि. नं. १५५९८९/०७३/०७४** को **मायुम गेम्बो रेष्टुरेन्ट एण्ड गेष्ट हाउस प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०३/०१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) को बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : ABDULLAH MISFER ALI AL AOUN EQUIPMENT RENTAL EST. ABDULLAH AL AOUN** शहर : **RIYADH**
**पूर्व स्वीकृत मितिः २०८०/०३/०१** **चलानी नं.: ६०२०३२६६** LT. No.: 287901

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रु. | | | | | | | |
| 1. | Heavy Equipment Driver | 3 | 0 | स. काममा दक्ष | 1800 | ६२,९६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० असार ९ गते (24 June 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**FAZAL INTERNATIONAL PVT. LTD.**
Gov. Lic. No. 709/064/065
Sinamangal, Kathmandu Tel: 4581208, 4581209, Fax: 4581210

## कनकासुन्दरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
विराट जुम्ला

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धमा

**पत्रिकामा प्रकाशित मिती : २०८०/०३/०१**

कनकासुन्दरी गाउपालिकाबाट मिति २०८०/०२/०६ मा पूनः विद्यूतिय खरिद प्रणाली मार्फत बोलपत्र आह्वान भई मिति २०८०/०२/२५ गते दिउसो १२:०० सम्ममा रितपूर्वक पेश हून आएका बोलपत्रहरुमध्ये तपशिल बमोजिमको बोलपत्रदाताले कबोल गरेको अंक मूल्यांकनबाट सारभूत रुपमा प्रभावाग्राही देखिएको ले उक्त बोलपत्रदातालाई स्वीकृतका लागी छनोट गर्ने निर्णय भएकोले सार्वजनिक खरीद ऐन, २०६३ को दफा २७ (२) बमोजिम सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरीएको छ।

| सि.नं | योजनाको नाम | छनौट गरिएको बोलपत्रदाता | स्वीकृत वोलपत्रको रकम (मु. अ क सहित) | कैफियत |
|---|---|---|---|---|
| १ | NCB/KSRM/WORKS/08/079/080 (Construction of Bailey Bridge over Hima River at Kanakasundari 8 Jumla) | RIDARC-Rabichankra, Khatyad, Mugu | रु.२,५६,११,२४०।७२ अक्षेरुपी दुइ करोड छपन्न लाख एघार हजार दुइ सय चालिस रुपैया र पैंसा बहत्तर मात्र भ्याट सहित। | |

प्रमुख प्रशासकिय अधिकृत



कथा

# ब्ल्याकबोर्ड, चक र डस्टर

घन्टी बज्छ । सधैं झैं चक र हाजिरकापी हातमा चयापेर ऊ श्रेणीबाट बाहिर निस्कन्छ । उसलाई अनुभव हुन थाल्छ, उसको घाँटी सुकिरहेको छ- पानी खान्छ । ऊ आफ्ना पुराना केही किताबहरु च्यापेर घरतिर छिटोछिटो लाग्छ ।



■ सरण राई

लेख्नु, मेट्नु, चकको धुलोले पुरिनु । ब्ल्याकबोर्डमा लेख्दालेख्दै औंलाहरू चक भइसक्छ । हिउँ परेझैं चकको धुलो कपालमा खस्तै जान्छ । चैतको हुरीले उडाएको धुलोझैं चेहरामा चक टाँसिदै जान्छ । चकको धुलोले पुरिएको चेहराभित्र एक जोर आँखा श्रेणीको चारैतिर घुम्छन्, फेरि ब्ल्याकबोर्डमा रोकिन्छन् । लेखिएका अक्षरहरू मेटिन्छन्, एक हातमा डस्टर अर्को हातमा चक, ऊ कराइरहेको हुन्छ, अझ ठूलो स्वरमा, ठूलो स्वरमा कराइरहेको हुन्छ ।

यो संसार हो, सानो संसार प्रत्येक हरेकको हुन्छ । यो संसारलाई मधुर, रमणीय र भव्य बनाउने प्रत्येकको कल्पना हुन्छ । हिउँ पग्लिदै जान्छ तर, हिमालमा हिउँ खाली नभएझैं जीवन कल्पना शून्य हुन सक्दैन । हिउँले पग्लेर पानी हुनैपर्छ । जीवनको सुन्दरता सम्झना हो, सम्झना सधैं बाँचिरहेको हुन्छ । त्यो मानिस सबैभन्दा ठूलो मानिस हो, जसलाई धेरै मानिसहरू सम्झन्छन् ।

ब्ल्याकबोर्डभरी लेखिएका सुन्दर अक्षरहरू मेटिन्छन् । कसले कल्पना गर्न सक्छ- केहीबेरअघि त्यहाँ सुन्दर अक्षरहरू थिए । चक पनि जीवनजस्तै हो, सिङ्गो चक चेतनामा जीवित अर्थलाई यथार्थमा सजीवता दिन ब्ल्याकबोर्डमा घस्रिँदा घस्रिँदै छोटो हुन्छ । ज्यादै छोटो भएर लेख्न अप्ठ्यारो भएको टुक्रालाई मायालाग्दो दृष्टिले हेर्छ, मानौं त्यो धीत नमरीकनै फ्याँक्नुपरेको चुरोटको ठुटो हो । ऊ चकको टुक्रालाई फ्याँक्छ तर, उसलाई लाग्छ ऊ आफै पनि त्यो चकको टुक्राझैं फ्याँकिएको छ ।

चक र उसले आफ्नै जीवनको तुलना गर्न खोज्छ- केही समानताहरू भएको महसुस गर्छ । चक जुन उद्देश्यको निम्ति सृष्टि गरिएको हो, त्यो पूरा भइसकेको छ तर उसको सृष्टि कुन उद्देश्यको निम्ति गरिएको हो, ऊ ठम्याउन सक्दैन । भविष्य, केवल सिङ्गो भविष्यप्रति आस्थावान् विद्यार्थीहरूको चेहराहरूमा ऊ आफ्नो सृष्टिको छाँया हेर्न खोज्दछ । ऊ ब्ल्याकबोर्डमा उसैले लेखेको रेखाचित्र हेर्छ, ब्ल्याकबोर्ड, चक र डस्टर- ऊ ठम्याउन सक्दैन केका निम्ति उसको अन्त भइरहेको छ ?

कोठा, विद्यार्थीहरू, झ्यालबाट बाहिर देखिने हरिया चउर, रुखहरू उसले बिना उद्देश्य आफ्नै विचारमा तल्लीन भएर हेरिदिन्छ । बगैंचामा माली लगनसित फूलका बोटहरूलाई स्याहारिरहेको छ, गोडिरहेको छ । फूल सबैलाई प्यारो छ, तर फूलसित गाँसिएको गरिब मालीको श्रम र पसिना फूलको सौन्दर्यले ढाकिदिएको हुन्छ अनि फूलको बास्नामा मालीको पसिनाको गन्धआयो भने मानिसहरूलाई फूल राम्रो लाग्दो होला ? श्रेणीको एक छेउमा विद्यार्थीहरूको खासखुस कुराकानी गराइले उसलाई श्रेणीको यथार्थमा ल्याएर उभ्याइदिन्छ । श्रेणी उसको संसार हो, अझ उपयुक्त भाषामा उसको युद्धभूमि, उसका हतियार चक, डस्टर, ब्ल्याकबोर्ड र आवाज । विद्यार्थीहरूको अज्ञानता उसको दुस्मन, विद्यार्थीहरूलाई बुझाउन सक्नु उसको विजय । ऊ फेरि पढाउन थाल्छ, पढाउन लाग्दा उसलाई अनुभव हुन्छ- ऊ नेता हो, हजारौं मानिसहरूलाई आफ्नो विचारधारामा हिडाउने प्रयत्नमा भाषण दिइरहेछ, पिता हो आफ्ना छोराछोरीलाई ज्ञानका अर्तिहरू दिइरहेछ, अभिनेता हो, रङ्गमञ्चमा उभिएको छ । पूर्णताको अनुभव उसलाई त्यसबेला हुन्छ जुनबेला ऊ श्रेणीमा उभिएको हुन्छ ।

उसको हातमा चक र डस्टर हुन्छ, पछाडि ब्ल्याकबोर्ड र अगाडि ध्यानपूर्वक सुनिरहेका विद्यार्थीहरू, ऊ पीडापूर्ण, अभावग्रस्त यथार्थ संसारभन्दा हजारौं कोस टाढा हुन्छ ।

"मलाई सरलाको जस्तै फ्रक ल, बुबा ।"


"मलाई नीलो प्यान्ट ।"

"त्यो डाक्टरले लेखिदिएको औषधी ल्याउन नबिर्सनुहोला नि ।"

फ्रक, प्यान्ट, औषधि, अनन्त आवश्यकताहरू । सीमित र निश्चित तलब, भौतिकवादी विश्वमा हरेक चीजलाई ठोस रूप दिन सक्नुपर्ने । आफ्नो जहान परिवारलाई माया गर्दछ, त्यो मायालाई फ्रक, प्यान्टमा परिणत गर्न सक्नुपर्ने । घर फर्कदा रोगी श्रीमती खोक्दैखोक्दै सुतिरहेकी, औषधी नदेख्दा चिया पाक्ने कुरै उठेन, सुर्ती तमाखु ल्याएदिएन भनेर बूढो बाबु उस्तै ठुस्किएको, केटाकेटीको कुरै गर्नु परेन । पढाउनेको छोरो पढ्नै नसक्ने हो कि ? बुझेर पनि बुझ्पचाउनुपर्ने, जानेर पनि नजान्नुपर्नेछ उसको यथार्थ संसार ।

ब्ल्याकबोर्डमा लेखेको रेखाचित्र डस्टरले मेट्छ । ऊ फेरि तन्नेरी अनुभव गर्न पुग्छ । ऊ फेरि आफ्नो विद्यार्थी जीवनलाई सम्झन पुग्छ, विद्यार्थी जीवनका उसका सहपाठीहरू कोही मन्त्री भए, काही डाक्टर, प्रशासकीय हाकिम, ऊ भने अझै विद्यार्थीहरूकै माझ विद्यार्थीजस्तै दुःखी छ । उसले पढाएको विद्यार्थीहरूसमेत हाकिम भएका छन्, कैयौं तले अग्ला घरहरूको मालिक भइसकेका छन् तर उसको भने उही अवस्था छ ।

आज उसलाई विद्यार्थी जीवनका उसका आकांक्षाहरूको सम्झना आउँछ- कति अकासिएका उसका आकांक्षाहरू थिए । मुटु च्वास्स दुख्छ तर अब त मुटुको रोग भइसकेको उसलाई मुटु दुख्नु साधारणझैं लाग्छ । झ्यालबाट ऊ बाहिर हेर्छ, आकाश धुम्मिएको छ- पानी पर्ने सम्भावना छ ।



> चक र उसले आफ्नै जीवनको तुलना गर्न खोज्छ- केही समानताहरू भएको महसुस गर्छ । चक जुन उद्देश्यको निम्ति सृष्टि गरिएको हो, त्यो पूरा भइसकेको छ, तर उसको सृष्टि कुन उद्देश्यको निम्ति गरिएको हो, ऊ ठम्याउन सक्दैन । भविष्य, केवल सिङ्गो भविष्यप्रति आस्थावान् विद्यार्थीहरुको चेहराहरुमा ऊ आफ्नो सृष्टिको छायाँ हेर्न खोज्दछ ।

ब्ल्याकबोर्डमा लेख्न सक्छ अनि मेट्न सक्छ तर आफ्नो निधारमा लेखिएको भाग्यलाई मेट्न सक्दैन । श्रेणीमा चारैतिर प्रत्येक विद्यार्थीहरूलाई सरसरती हेर्छ- मानौं ऊ त्यहाँ हराएको आफ्नो अस्तित्व खोजिरहेछ । कोही विद्यार्थी नोट टिप्न तल्लीन छन् भने कोही झ्यालबाट बाहिर ओहोरदोहोर गरिरहेका युवतीहरू हेर्नमा । ऊ सबैको ध्यानलाई अझ बढी आकर्षण गर्न अझ साह्रो कराउँछ, कराउने बानी भइसकेको छ, भटभटाउनु र बरबराउनु । ऊ बौलाहाझैं बरबराइरहेको छ । झरनाझैं ऊ आफैले बोलेको आफै बुझ्न सक्दैन कि झैं गरेर । हाँसोको लहर फुट्छ सम्पूर्ण श्रेणीभरी, उसले आफूलाई जोकर अनुभव गर्छ । सतर्क हुन्छ- ऊ साँच्चै बौलाहा त रहेको छैन । ऊ आफ्नो विषयवस्तुलाई स्पष्ट पार्न उदाहरणहरू दिदै जान्छ, भन्दै जान्छ, कराउदै जान्छ । ऊ आफ्नो आवाजको उच्चतम बिन्दुमा पुग्दा अनुभव गर्छ- ऊ र हाटबजारमा विज्ञापन गर्दै कराउनेमा फरक छैन, छ भने दुईमा एउटा कोठाभित्र कराउँछ अर्को बीच बजारमा ।

बूढो शरीरमा कराउँदा रगतको सञ्चार भएर हो कि ऊ आफूलाई सम्भावना छ ।

आफ्नो सम्पूर्ण बुद्धि, तर्कशक्ति लगाएर ऊ आफ्नो विषयवस्तुलाई स्पष्ट पार्ने कोसिस गर्छ । यदि उसले त्यो विषयवस्तुलाई बुझाउन सकेन भने विद्यार्थीहरूले फेरि कहिल्यै बुझ्न सक्नेछैनन् वा बुझ्ने समय पाउने छैनन् । श्रेणीका सम्पूर्ण विद्याथीहरूको भविष्य उसको परिश्रममा भर पर्छ, ऊ उनीहरूको भविष्य निर्माण गरिरहेको छ, ज्ञानको बाटोतिर तिनीहरूलाई बढाएर । उसले विद्यार्थीहरूलाई बुझाउन सक्नुमा नै उसले बुझेको सार छ, अन्यथा उसले बुझेको कुनै प्रयोजन छैन- उसलाई यो राम्ररी थाहा छ । ऊ कराउदै जान्छ, उसको घाँटीका नसाहरूसमेत फुल्दै जान्छन् ।

घन्टी बज्छ । सधैं झैं चक र हाजिरकापी हातमा चयापेर ऊ श्रेणीबाट बाहिर निस्कन्छ । उसलाई अनुभव हुन थाल्छ, उसको घाँटी सुकिरहेको छ- पानी खान्छ । ऊ आफ्ना पुराना केही किताबहरू च्यापेर घरतिर छिटोछिटो लाग्छ । पानी पर्ने सम्भावना छ तसर्थ सब मानिसहरू छिटोछिटो हिँडिरहेका हुन्छन् । तर जब उसलाई देख्छन्, सडकमा मानिसहरू मुसुमुसु हाँसिरहेका हुन्छन् । ऊ आफ्नो शरीर हेर्छ, केही खराबी त छैन ? कोट जुत्ताभरि चकको धुलैधुलो छ, टकटकाउँट, सितिमिति कहाँ चकको धुलो झर्ने हो र ! ऊ सम्झन्छ फ्रक, पेन्ट र औषधी, गोजी छाम्छ रित्तो छ, उसले रित्तै फर्कनुपर्ने हो, रित्तै फर्कन्छ ।

उसलाई लाग्छ अझै मानिसहरू उसलाई हेरेर हाँसिरहेका हुन्छन्- मानौं ब्ल्याकबोर्डमा रङ्गीचङ्गी चकले लेखिएको ऊ एउटा हाँसो उठ्दो कार्टुन हो वा ऊ सिङ्गो ब्ल्याकबोर्ड हो जसमाथि थुप्रै हाँसो उठ्ने व्यंगचित्र कोरिएको छ, जसककाई देख्दा जो पनि हाँस्छ, ऊ ब्ल्याकबोर्ड, चक र डस्टर । मानिसहरूको कठोर आँखाबाट लुक्न ऊ अझ छिटोछिटो लम्कन्छ । स्पन्दनबाट

कविता

## सिकाइको समीक्षा



पबित्रा मगर

बन्द कक्षा कोठाभित्र गुमनाम राखेर
कुनै अपराधीलाई झैं लट्ठीले ताकेर
किताबका पानाहरु मात्र घोक्न लगायौं
शुत्रै शुत्रका भारीहरु बोक्न लगायौं
सैद्धान्तिक साँचोमा बेस्सरी पेलेर
कागजी कोरा ज्ञान मात्र ठेलेर
सिकाइलाई वास्तविक जीवनभन्दा पर राखेर
हामीले के पढायौं ?
हामीले सधैं पाठ मात्र पढायौं
समाज पढाएनौं
संस्कार घोकाएनौं
संस्कृती, सभ्यता, जीवन पढाएनौं
बाँच्न त सिकायौं, बचाउन सिकाएनौं
आफू दुख्न र अरुलाई दुखाउन सिकायौं
अरुको दुःख अनुभूत गर्न सिकाएनौं
सिकाइमा अंक दियौं तर अनुभूती दिएनौं
जबरजस्ती नै सही अंग्रेजी सिकायौं
आफ्नो भाषा, सभ्यता, लय सिकाएनौं
हाम्रा नानीहरूले 'गूड मर्निङ' भन्न जाने
सेवा, सेवारो, छ्याजलो, ज्योजलप्पा
फ्याफुल्ला, झोर्ले भन्न जानेनन्
म महसुस गर्दैछु हामीले सप्पै सिकायौं
तर, केही पनि सिकाएनौं
हामीले समस्या थुपारीदियौं
समाधानको विकल्प सिकाएनौं
प्रश्न मात्र सोधीरह्यौं सोच्न कहिल्यै दिएनौं
सहयोग, सद्भाव, सम्मान, सहकार्य सिकाएनौं
हामी आफ्नो मात्र सम्मान खोजिरह्यौं
विद्यार्थीलाई आत्मसम्मान महसुस गराएनौं
स्वाभीमान, इमानदार,
म सोचिरहेछु, हामीले के-के सिकायौं ?
अब आउनुहोस्
हामीले सिकाउँदा सिकाउँदै पनि
सिकाउन नसकेका
हाम्रा मानवीय मूल्य मान्यताहरु सिकाऔं
जीवनको रंग चिनाऔं
नानीबाबुहरूको मस्तिष्कमा
सीप र सिर्जनाको फुलहरु रोपौं
पाठ्यक्रमको चौघेरा तोडेर
यो सग्लो पृथ्वीको परिक्रमा गराऔं ।

## दुई मुक्तक



– गणेश लोहनी

१.
मनोकामना तिर्थस्थलमा भाले बोका बिकेका छन्
धरान तिर श्रमदानमा नाम्ला डोका बिकेका छन्
हाम्राले त गर्ला भनि पठाएकाको उही छ चाला
संसदीय यो बजारमा केवल धोका बिकेका छन् ॥

२.
हिमालबाट हिमनदी सधैं कलकल होस्
सुसुचित फाँटहरूमा बाली हलहल होस्
नबिथोलियुन प्रकृति विकासको नाममा
अखण्ड विद्युत प्रवाहले देशै झलमल होस् ॥

